मापदण्ड : १० बालक र बालिकाका लागि अलग्गै शौचालय र स्नानघरको व्यवस्था हुनुपर्दछ ।

मापदण्ड : ११ बालबालिकालाई व्यक्तिगत सरसफाईका लागि आवश्यक स्वच्छ पानी उपलब्ध हुनु पर्दछ ।

मापदण्ड : १२ बालगृह रहेको भवनमा बालबालिकाको निम्ति आवश्यक सेवा र सुविधाका लागि चाहिने कक्षहरुको व्यवस्था हुनुपर्दछ ।

मापदण्ड : १३ बालगृहको परिसरमा बालबालिकाको संख्या अनुसार खेलकूदका लागि पर्याप्त खुला ठाउँ हुनुपर्दछ ।

मापदण्ड : १४ बालगृहको फोहोरलाई दुर्गन्ध नफैलने र बालबालिकाको स्वास्थ्यमा हानि नपुग्ने गरी तह लगाउनु पर्दछ ।

मापदण्ड : १५ बालगृह रहेको भवनमा भूकम्प, आगलागी वा अन्य प्राकृतिक प्रकोपबाट सुरक्षित रहने र आपतकालीन सुरक्षाको प्रबन्ध हुनुपर्दछ ।

मापदण्ड : १६ बालबालिकालाई सुरक्षित सवारी साधनमा आवतजावत गराउनु पर्दछ ।

मापदण्ड : १७ बालबालिकालाई सफा, ताजा र सन्तुलित तथा पौष्टिक खाना उपलब्ध गराउनु पर्दछ ।

मापदण्ड : १८ बालबालिकाको पोषणस्तरको नियमित अनुगमन गर्नुपर्दछ ।

मापदण्ड : १९ खाना तयार गर्ने र खाने ठाउँ सफा र बालबालिकाका लागि सुविधाजनक हुनुपर्दछ ।

मापदण्ड : २० सबै बालबालिकाले सजिलै पाउन सक्ने गरी पर्याप्त मात्रामा स्वच्छ खानेपानी उपलब्ध गराउनु पर्दछ ।

मापदण्ड : २१ बालबालिकालाई स्वास्थ्यको कारणले बाहेक अरु कारणले खान निषेध गर्न वा खान कर लगाउनु हुदैन ।



# ललितपुर महानगरपालिका

# स्थानीय राजपत्र

**ललितपुर महानगरपालिकाद्वारा प्रकाशित**

वर्ष २, अतिरिक्ताङ्क ६, ल.पु.म.न.पा., स्थानीय राजपत्र, भाग-२, मिति २०७६/५/१०

## भाग-२

**ललितपुर महानगरपालिका**

**ललितपुर महानगरपालिका भित्रका आवाशीय बालगृहहरुको अनुगमन तथा नियमन कार्यविधि, २०७६**

**१. प्रस्तावना** : बालगृहमा रहेका बालबालिकाको संरक्षणमा विशेष ध्यान दिनु राज्यको कर्तव्य हो । स्थानीय सरकारले नेपाल सरकारले अनुमोदन गरेका अन्तराष्ट्रिय सन्धि संझौता पालना गर्न, राष्ट्रिय तथा अन्तराष्ट्रिय बाल संरक्षणको मूल्य मान्यता साथै राष्ट्रिय परिवेश र आवश्यकता अनुसार बालबालिकाको संरक्षणको

**१४) सार्वजनिक सुनुवाई/सार्वजनिक परीक्षण गरिने**

(१) बालगृहमा आश्रित बालबालिकाको अवस्था, बालगृहले उपलब्ध गराएमा सेवा सुविधा तथा व्यवस्थापन बारे प्रत्येक वर्ष स्थानीय जनप्रतिनिधिको उपस्थितिमा सरोकारवालाहरुको सहभागितामा बालगृहले सार्वजनिक सुनुवाई/सार्वजनिक परीक्षण गर्नु गराउनु पर्नेछ ।

(२) सार्वजनिक सुनुवाई/परीक्षण पश्चात तयार भएको सुझाव सहितको प्रतिवेदन नगरपालिका र सम्बन्धित वडामा पेश गर्नु पर्नेछ ।

**१५) बालगृहहरुको क्षमता विकासमा सहयोग**

बालगृहमा रहेका वा रहन सक्ने बालबालिकाको संख्याका आधारमा तोकिएको मापदण्ड बमोजिम बालबालिकाको आधारभूत आवश्यकता परिपूर्ति सहित सर्वोत्तम हित हुने गरी नगरपालिकाले सभाबाट सम्बन्धित शिर्षकमा विनियोजित रकमको परिधि भित्र रही बालगृहको क्षमता विकासमा सहयोग गर्न सक्नेछ । यस्तो सहयोग नगरपालिकाले एकल रुपमा एवं बालगृहसँग साझेदारीमा कार्यक्रम संचालन गरी उपलब्ध गराउन सकिनेछ ।

**१६) संशोधनः**

यस कार्यविधिमा आवश्यक बुँदा थप गर्ने हटाउने र संशोधन गर्ने अधिकार महानगरपालिकालाई हुनेछ ।





(३) बाबु र आमा पत्ता नलागेको ।

(४) बाबु र आमा दुवैको मृत्यु भई पालन पोषणको लागि कुनै सम्पत्ति नभएको ।

(ख) “ऐन” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

(ग) “कर्मचारी” भन्नाले बालगृहको संचालन, बालबालिकाको हेरचाह, रेखदेख, स्याहार सुसार तथा शारीरिक र मानसिक विकासको लागि विभिन्न कियाकलापमा संलग्न कर्मचारी सम्झनु पर्छ ।

(घ) “प्रशासक” भन्नाले बाल गृह संचालनको लागि नियुक्त प्रमुख कर्मचारीलाई सम्झनु पर्छ ।

(ङ) “बालबालिका” भन्नाले अठार वर्ष भन्दा कम उमेर भएका व्यक्ति सम्झनु पर्छ ।

(च) “बालगृह” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५२ बमोजिम स्थापना भएको बालगृह सम्झनु पर्छ ।

(छ) “बालबालिका विरुद्धको हिंसा” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (२) बमोजिमको कार्य सम्झनु पर्छ ।

(ज) “बाल यौन दुर्व्यवहार” भन्नाले बालबालिका ऐनको दफा ६६ को उपदफा (३) बमोजिमको कार्य सम्झनु पर्छ ।

(झ) “संचालक” भन्नाले निजी क्षेत्र वा सामाजिक संघ संस्थाबाट संचालन गर्ने मुख्य व्यक्ति वा सम्बन्धित बालगृह संचालन गर्ने संचालक समिति सम्झनु पर्छ ।

**१०) प्रतिवेदन र अभिलेखीकरण**

(१) बालगृहमा बसोबास गर्न सम्पूर्ण बालबालिकाको विवरण अद्यावधिक गरी सबैले देख्ने गरी अनुसूचि ३ को ढाँचामा बालगृहमा राख्नु पर्ने र प्रत्येक ३/३ महिनामा नगरपालिका र सम्बन्धित वडा कार्यालयमा पेश गर्नु पर्नेछ । यदि कुनै बालबालिका बालगृहमा राखेमा र बालगृहबाट गएमा सो को मितिले ३ दिन भित्र नगरपालिका र सम्बन्धित वडा कार्यालयमा जानकारी दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको विवरण अद्यावधिक नभएको पाईएमा समितिले बालगृहलाई उपयुक्त कारवाही गर्न सक्नेछ । कारवाही पूर्व सफाईको उचित मौका दिइने छ ।

**११) बालगृहको अनुगमन**

(१) अनुगमन समितिले सामान्यतया प्रत्येक चौमासिकमा बालगृहको अनुगमन गर्नेछ । आवश्यकताका आधारमा कुनै पनि समयमा अनुगमन समितिले बालगृहको अनुगमन गर्न सक्नेछ । अनुगमन गर्दा अनुसूचि २ को बमोजिम तयार गरिएको सूचकलाई आधार मानी अनुगमन गरीनेछ । अनुगमनको सिलसिलामा बालगृहहरु तोकिएको मापदण्ड बमोजिम संचालनमा रहेको नपाइएमा वा सुधार गर्नु पर्ने भएमा तत्काल बुँदागत लिखित रुपमा निर्देशन दिन सकिनेछ ।

(२) उप-नियम (१) बमोजिम अनुगमन गर्ने समिति तथा पदाधिकारीले दिएको निर्देशन तथा प्रतिवेदनको सुझाव





**४) उद्देश्य :**

(१) बालगृहमा आश्रित बालबालिकाहरुलाई आश्रयको साथै बालबालिकाको शारीरिक, मानसिक विकास, बौद्धिक र खेलकूद तथा मनोरञ्जनको सुविधा उपलब्ध गराए नगराएको सुनिश्चित गर्न ।

(२) बालगृहमा आश्रित बालबालिकाहरुको शिक्षाको लागि आवश्यकतानुसार शिक्षकको व्यवस्थापन तथा विद्यालयमा अध्ययन गर्ने व्यवस्था भए नभएको एकिन गर्नु ।

(३) अनाथ, असहाय बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक गतिविधि तथा कार्यक्रमको व्यवस्थापन भए नभएको एकिन गर्नु ।

(४) आश्रित बालबालिकाको बाल अधिकारलाई संरक्षण गर्नु ।

(५) नगर भित्र स्थापना भएका सम्पूर्ण बालगृहहरुबाट सम्पादित कार्यमा एकरुपता कायम गर्नु ।

(६) तोकिएको मापदण्ड पुरा नभएका बालगृहहरुलाई सुधार गर्न प्रेरित गराउने ।

(७) नगरभित्र स्थापना भएका बालगृहहरुको क्षमता विकासमा सहयोग पुऱ्याउने ।

(८) उत्कृष्ट बालगृहको सम्मान र मापदण्ड विपरितका बालगृहहरुलाई दण्डित/खारेजी गर्ने आधार प्रदान गर्नु ।

(९) बालगृह सम्बन्धी सूचना तथा जानकारी संकलन अभिलेखीकरण र अद्यावधिक गर्ने ।

(ख) बालगृहमा रहेका बालबालिकाको लागि आवश्यक पाठ्यपुस्तक, बालबालिकाको शैक्षिक सामग्रीको व्यवस्था गर्ने ।

(ग) बालगृहमा बसोबास गर्ने बालबालिकामा कुनै पनि प्रकारको शारीरिक र मानसिक समस्या नहुने गरी बालमैत्री वातावरणको व्यवस्था मिलाउने ।

(घ) बालगृहमा बसोबास गर्ने कुनै पनि बालबालिका विरुद्ध हिंसा, बाल यौन दुर्व्यवहार नहुने र भएमा सोको तत्काल कारवाही गर्ने व्यवस्था मिलाउने ।

(ङ) बालगृहमा रहेका अपाङ्गता भएका बालबालिकाको लागि विशेष व्यवस्था गर्ने, अपाङ्गमैत्री वातावरणको व्यवस्था मिलाउने तथा बालक र बालिकाको लागि बेग्ला बेग्लै बस्ने, सुत्ने र अध्ययन गर्ने कोठा, शौचालय र स्नानकक्षको व्यवस्था गर्नु पर्ने ।

(च) बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५३ बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पुनर्स्थापना नभएसम्म वा त्यस्तो बालबालिका अठार वर्ष नपुगेसम्म बाल गृहमा राख्नु पर्ने ।

(छ) बालगृहमा रहेका बालबालिकाको बाबु आमा पत्ता लागेमा र बालबालिकाको उच्चतम हित हुने भएमा पारीवारिक पुर्नमिलन गराउनु पर्ने ।

(ज) बालगृहमा भान्सा कोठा, भोजन कोठा, बस्ने, सुत्ने र खेलकूद मैदान सफा र स्वस्थ हुने गरी आवश्यक व्यवस्था मिलाउने ।



वर्ष २, अतिरिक्ताङ्क ६, ल.पु.म.न.पा., स्थानीय राजपत्र, भाग-२, मिति २०७६/५/१०

**६) अनुगमन तथा नियमन समितिको काम कर्तव्य र अधिकार :**

१) नगरभित्र संचालित बालगृहहरुले तोकिएको मापदण्ड बमोजिम संचालन रहे/नरहेको स्थलगत अनुगमन गर्ने ।

२) तोकिएको मापदण्ड विपरित संचालित बालगृहलाई सचेत गराउने, कारवाहीको निम्ति सिफारिस गर्ने ।

३) बालगृहसँग सम्बन्धित समस्याहरुको समाधान गर्ने ।

४) बालगृहको क्षमता विकास गर्न उपयुक्त नीतिगत, कार्यक्रमगत, संस्थागत सुधारको लागि महानगरपालिकालाई सिफारिस गर्ने ।

५) बालगृह संचालनका निम्ति सरोकारवालाहरु बीच समन्वय गर्ने ।

६) बालबालिकाको बाल अधिकार संरक्षण गर्न कानुनी पैरवी गर्नुका साथै बालमैत्री वातावरण सृजना गर्न महानगरपालिकालाई उपयुक्त सिफारिस गर्ने ।

७) बालगृह संचालनमा दाताबाट प्राप्त रकमको दुरुपयोग हुन नदिन वार्षिक समिक्षा गराउने ।

८) महानगरपालिकाले तोकेको अन्य कार्य गर्ने ।

९) समितिले बैठक संचालन अनुगमन सम्बन्धी कार्यविधि आफै बनाउन सक्नेछ ।

१०) वार्षिक लेखा परीक्षण प्रतिवेदन न.पा.मा पेश गर्नु पर्ने ।

**७) बालगृह संचालन पूर्व स्वीकृत लिनु पर्ने**

(१) नगर क्षेत्र भित्र संचालनमा रहेका सरकारी, निजी तथा सामाजिक संस्थाहरुबाट संचालन गरिने सबै प्रकारका

## घ. स्वास्थ्य सम्बन्धी

HIV/AIDS संक्रमित बालबालिकाहरु भए संख्याः

बालकः बालिकाः

HIV/AIDS प्रभावित बालबालिकाहरु भए संख्याः

बालकः बालिकाः

अन्य रोगले पिडित बालबालिकाहरुको संख्याः

बालकः बालिकाः

## ङ. भौतिक पूर्वाधार र कर्मचारी विवरण (संख्या, आकार) :

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | भवन | | |
| २ | सुत्ने कोठा | | |
| ३ | जम्मा खाट | | |
| ४ | पढ्ने कोठा | | |
| ५ | भान्छा/भोजन कक्ष | | |
| ६ | मनोरञ्जन कक्ष | | |
| ७ | स्टोर | | |
| ८ | परामर्श/प्राथमिक उपचार कक्ष | | |
| ९ | बाथरुम | | |
| १० | शौचालय | | |
| ११ | कार्यालय कक्ष | | |
| १२ | हेरचाहकर्ता महिला | | |
| १३ | शिक्षक/शिक्षिका | | |
| १४ | परिचालक/परिचालिका | | |
| १५ | व्यवस्थापक | | |
| १६ | मनोविमर्शकर्ता | | |
| १७ | स्वास्थ्यकर्मी | | |
| १८ | खेल/मनोरञ्जन सहयोगी | | |
| १९ | अन्य | | |





मापदण्ड : २२ बालबालिकालाई पाकेको खाना मागेर ल्याएर वा बालगृह बाहिर अर्कै प्रयोजनका लागि पकाएको खाने कुरा खुवाउनु हुदैन ।

मापदण्ड : २३ बालबालिकालाई उमेर अनुसारको औपचारिक शिक्षाको व्यवस्था मिलाउनु पर्दछ ।

मापदण्ड : २४ बालबालिकालाई नागरिक शिक्षा, जीवनोपयोगी ज्ञान, व्यावसायिक सीप र सामाजिकीरण तालिमको व्यवस्था मिलाउनु पर्दछ ।

मापदण्ड : २५ बालबालिकालाई लेखपढ गर्नका लागि अलगै अध्ययन कक्ष तथा पुस्तकालयको व्यवस्था गर्नुपर्दछ ।

मापदण्ड : २६ बालबालिकाको शैक्षिक प्रगतिको नियमित अनुगमन र मूल्यांकन गर्नु पर्दछ र बालबालिकाको शैक्षिक विवरण र प्रमाणपत्रहरु अध्यावधिक गरी राख्नु पर्दछ ।

मापदण्ड : २७ बालगृहका कर्मचारीले बालबालिकाको अभिभावकको भूमिका पुरा गर्नु पर्दछ ।

मापदण्ड : २८ बालगृहका बालबालिकाको अनुमति प्राप्त चिकित्सकद्धारा नियमित स्वास्थ्य परीक्षण गराई आवश्यक उपचारको व्यवस्था मिलाउनु पर्दछ ।

मापदण्ड : २९ बालगृहमा प्राथमिक उपचारको तालिम प्राप्त जनशक्ति, आवश्यक औषधि र उपचार सामग्री हुनु पर्दछ ।

मापदण्ड : ३० बालबालिकालाई घाउचोट लागेमा वा बिरामी भएमा तुरुन्त उपयुक्त उपचारको व्यवस्था गरी हाल्नु पर्दछ ।

मापदण्ड : ३१ सबै बालबालिकाको स्वास्थ्य बीमा गर्नु पर्दछ ।

मापदण्ड : ३२ बालगृहमा रहेको बालबालिकालाई मानसिक समस्या भएमा मनोविमर्शकर्ताको सिफारिस गरेको स्वास्थ्य संस्थामा उपचार गराउनु पर्दछ ।

| बालगृहको स्थिति | छ | छैन | कैफियत |
|---|---|---|---|
| बालगृह संचालन निर्देशिका र कार्यविधि तर्जुमा तथा कार्यान्वयन | | | |
| बालगृहले कसैबाट नगद वा जिन्सी सहयोग लिंदा सम्बन्धित निकायबाट अनुमति लिए नलिएको | | | |
| बालबालिकाको बिदाई/पुनर्स्थापना व्यवस्था सम्बन्धी प्रकृयाको अवलम्बन | | | |
| बिदाई/पुनर्स्थापना गरिएका बालबालिकाको स्थिति अनुगमन/अभिलेख तथा आवश्यकता अनुसार अन्य सहयोग | | | |

## ख. शिक्षा सम्बन्धीः

अ) विद्यालय तथा कलेजको नाम

| क.सं. | जाने बालबालिकाको नाम | विद्यालयको नाम र ठेगाना | विद्यालयको नाम र ठेगाना | विद्यालयको नाम र ठेगाना | सीप केन्द्र वा अनौपचारिक शिक्षालयको नाम र ठेगाना | कलेज वा क्याम्पसको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |

आ) विद्यालय नजाने बालबालिकाको संख्या र कारणः

इ) शैक्षिक विवरण :

| उमेर समूह | जाने | | | नजाने | | | |
|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | कैफियत |
| ५ वर्ष सम्म | | | | | | | |
| ५ देखि १० वर्ष सम्म | | | | | | | |
| १० वर्षभन्दा माथिको | | | | | | | |
| जम्मा | | | | | | | |

- ५ वर्ष सम्मको बालकको संख्या : .... जना जाने .... जना नजाने





अनुसूचि २

**ललितपुर महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पुल्चोक, ललितपुर बागमती प्रदेश, नेपाल**

## बालगृह अनुगमन फारम

१. बालगृह वा संस्थाको नाम :
२. संस्थाको ठेगाना :
३. सम्पर्क व्यक्ति :
४. टेलिफोन नं. :
५. ई-मेल:
६. फ्याक्स नं. :
७. कार्यालय प्रमुखको नाम :
८. सम्पर्क फोन/मोबाइल नं. :

### क) बालगृह अनुगमनका सूचकहरु

| बालगृहको स्थिति | छ | छैन | कैफियत |
|---|---|---|---|
| **बालगृहको कानुनी हैसियत** | | | |
| जिल्ला प्रशासन कार्यालयमा दर्ता | | | |
| कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता | | | |
| समाज कल्याण परिषद्मा आबद्ध | | | |
| नियमित लेखा परीक्षण तथा नवीकरण | | | |
| संस्थाको साइनबोर्ड | | | |
| महानगरपालिकामा दर्ता | | | |
| सबै बालबालिकाको पूर्ण परिचय खुल्ने व्यक्तिगत विवरण | | | |
| अपांगता भएका वा विशेष आवश्यकता | | | |

## अनुसूचि :- ३

## बालगृहमा रहेका बालबालिकाको विवरण

१) बालगृहको नाम :

२) ठेगाना :

३) बालगृहमा आश्रित संख्या :..... बालक, ... बालिका जम्मा :-

४) अपाङ्ग बालबालिकाको संख्या :.... बालक, ....बालिका जम्मा :-

५) चालु आ.व. को हालसम्ममा बालगृहमा आएकाको संख्या
:................ बालक, ............. बालिका जम्मा :-

६) चालु आ.व.को हालसम्ममा बालगृह छोडी गएका संख्या
:................ बालक, ...............बालिका जम्मा :-

७) बालगृहमा आश्रितको विवरण

| सि.नं. | आश्रित बाल/ बालिकाको नाम | बालक/ बालिका | उमेर | ठेगाना खुलेमा खुलाउने | बालगृहमा आएको मिति | अध्ययन गर्ने भए कक्षा | अपाङ्ग भए सो खुलाउने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

प्रमाणिकरण मिति
२०७६/५/१०

**आज्ञाले**
प्रेम प्रसाद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत





## च) व्यक्तिगत विवरणको अवस्थाः

अ) जन्मदर्ताको अवस्थाः........ जनाको जन्मदर्ता भएको ....... जनाको जन्मदर्ता प्राप्त गर्न बाँकी रहेको

आ) १६ वर्ष पुरा भई १८ वर्ष उमेर ननाघेका बालबालिकाको हकमा नागरिकता प्राप्तिको अवस्थाः........ जनाको प्राप्त भएको ....... जनाको प्राप्त गर्न बाँकी रहेको

इ) सिफारिस मार्फत् आएको अवस्थाः ..........जनाको सिफारिस प्राप्त भएको ....... जनाको प्राप्त गर्न बाँकी रहेको

ई) सिफारिस गर्ने निकायहरुः

उ) भर्ना हुने कारणहरुः

## छ) बालगृहको आयस्रोतः

अ) बाह्य दातृ निकायहरुबाट

| क्रसं | दातृ वा साझेदार निकायको नाम | देश | रकम नेरु (वार्षिक) | रकम प्राप्तिको सुनिश्चितता वर्ष | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |

आ) स्वदेशी निकाय तथा दाताहरुबाट

| क्रसं | दाता वा साझेदार निकायको नाम | ठेगाना | रकम नेरु ( वार्षिक) | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

## ज) विविध

अ. व्यावसायिक तालिम सम्बन्धी व्यवस्था भए सोको विवरणः

आ. मनोरञ्जनात्मक क्रियाकलापहरुः

शारीरिक विकासका क्रियाकलापहरु (खेलकूद):

सांस्कृतिक कार्यक्रमहरु :

इ. बिदाइ वा पुनर्स्थापना गरेको भएः

संख्याः अभिलेख रहेकाहरुको संख्याः

बिदा भएर गएको स्थानः

धर्मपुत्र/धर्मपुत्री पठाउने गरेको भए पठाएको संख्याः

बालकः बालिकाः

पठाएको देशः

## झ) मूल्यांकन

अ)सूचकहरुको विश्लेषण

| | उत्तम | राम्रो | सन्तोषजनक | सुधार गर्नुपर्ने |
|---|---|---|---|---|
| बालगृहको समग्र व्यवस्थापन | | | | |
| समग्र बालबालिकाको अवस्था तथा उनीहरूप्रति गरिने व्यवहार र कर्मचारीहरुको दक्षता | | | | |
| आर्थिक स्रोत परिचालन तथा व्यवस्थापन | | | | |
| बालबालिकालाई उपलब्ध सेवा र सुविधा सम्बन्धी | | | | |
| बालगृहको सरसफाइ | | | | |
| कार्यकारिणी समितिको बैठक सम्बन्धी | | | | |





आ)बालगृहका अपेक्षाहरुः

........................................................................................................

........................................................................................ इ)अनुगमन तथा सिफारिस समितिको राय/सिफारिस

........................................................................................................

........................................................................................................

ई) अनुगमनकर्ता(हरु) को नाम र दस्तखत :

क) नामः पदः दस्तखतः

ख) नामः पदः दस्तखतः

ग) नामः पदः दस्तखतः

घ) नामः पदः दस्तखतः

ङ) नामः पदः दस्तखतः

उ) माथि उल्लेखित विवरणहरु मेरो/हाम्रो उपस्थितीमा तयार गरिएको र उल्लेखित व्योहोरामा मेरो/हाम्रो सहमति छ भनी सही गर्ने संस्थाको तर्फबाट उपस्थित प्रतिनिधिको :

क) नाम : पद : हस्ताक्षर :

ख) नाम : पद : हस्ताक्षर :

अनुगमन मिति :

(पुनश्चः संस्थाको अनुगमन पश्चात् अनुगमन फारमको १ प्रति सम्बन्धित संस्थालाई उपलब्ध गराउनुपर्ने छ ।)

| बालगृहको स्थिति | छ | छैन | कैफियत |
|---|---|---|---|
| भएका बालबालिका मैत्री सेवा सुविधा | | | |
| उमेर, संख्या र अवस्थानुसार सुरक्षित, सहज र सुविधाजनक सुत्ने व्यवस्था | | | |
| बालक र बालिकाका लागि अलग भवन/तलाको व्यवस्था | | | |
| बालक र बालिकाका लागि अलग्गै शौचालय र स्नानघरको व्यवस्था | | | |
| साप्ताहिक भोजन तालिका तथा बालबालिकलाई सन्तुलित तथा पौष्टिक | | | |
| बालबालिकालाई उमेर र क्षमतानुसार औपचारिक शिक्षाको व्यवस्था | | | |
| बालबालिकालाई उमेर अनुसार बालअधिकार, जीवनउपयोगी शिक्षा, व्यवसायिक सीप तथा सामाजीकरण तालिमको व्यवस्था | | | |
| बालबालिकाको शैक्षिक विवरण र प्रमाणपत्रहरु अध्यावधिक गरी राखिएको | | | |
| नियमित स्वास्थ्य परिक्षणको व्यवस्था (कम्तिमा ३ महिनामा १ पटक) | | | |
| रोग प्रतिरोधक खोपहरु दिने व्यवस्था | | | |
| बालबालिकाको स्वास्थ्य सम्बन्धी छुट्टै फाइल तयार गरी राखिएको | | | |
| प्राथमिक उपचार तथा उपचार कक्षको व्यवस्था | | | |
| बालबालिकाको स्वास्थ्य बीमा | | | |
| बालबालिकाको खेलकूद, मनोरञ्जन, सिर्जनात्मक तथा सांस्कृतिक कार्यक्रम | | | |





| बालगृहको स्थिति | छ | छैन | कैफियत |
|---|---|---|---|
| लगायतका क्रियाकलापमा संलग्नता | | | |
| बालगृहमा मनोरञ्जन कक्ष र खेलकुद मैदान/सामाग्रीको व्यवस्था | | | |
| मनोसामाजिक सेवा/परामर्शको व्यवस्था | | | |
| बालबालिकालाई परिवार तथा नातेदारसँग सम्पर्क र भेटघाट गर्ने सुविधा | | | |
| बालबालिकालाई धार्मिक तथा सांस्कृतिक स्वतन्त्रताको प्रत्याभूति | | | |
| बालसंरक्षण कार्ययोजना बनाई कार्यान्वयन गरे नगरेको | | | |
| बालगृहमा मदिरा, चुरोट, सुर्ती र लागूपदार्थ निषेध | | | |
| बालबालिकाको जोखिमपूर्ण कार्य/क्रियाकलाप/अभ्यासमा संलग्नता | | | |
| बालबालिकामाथि हिंसा, दुर्व्यवहार, शोषण तथा भेदभाव भएमा सो सम्बन्धी उजुरी, सुनुवाई र कारबाहीको संयन्त्रको व्यवस्था | | | |
| बालबालिकाको संख्याको अनुपातमा कर्मचारीको व्यवस्था | | | |
| संस्थाको विधानमा बालगृह सञ्चालन गर्ने सम्बन्धी | | | |
| बालगृह संचालन गर्नु पूर्व सम्बन्धित स्थानीय तह अथवा सरकारी निकायको अनुमति | | | |
| बालगृहका कर्मचारीहरुलाई मापदण्ड लगायत बालअधिकार सम्बन्धी तालिमको व्यवस्था | | | |

मापदण्ड : ३३ बालगृहले कुनै बालबालिका विशेषलाई मात्र लक्षित गरी एच.आई.भि. र एड्स तथा यौनजन्य संकमण सम्बन्धी परीक्षण गर्नु गराउनु हुदैन ।

मापदण्ड : ३४ बालगृहमा रहेका बालबालिका सिकिस्त बिरामी भएमा वा निजलाई गम्भीर चोटपटक लागेमा परीवारका सदस्य वा बालबालिकाले इच्छाएको व्यक्ति वा संस्थालाई उपलब्ध भएसम्म छिटो साधनद्धारा जानकारी दिनु पर्दछ ।

मापदण्ड : ३५ बालबालिकाको मृत्यु भएमा परिवार, अभिभावक वा बालबालिकाले इच्छाएको व्यक्ति वा संस्था र स्थानीय नगरपालिकालाई तत्काल सूचना दिनु पर्दछ ।

मापदण्ड : ३६ बालबालिकालाई कुनै प्रकारको औषधि वा चिकित्सा विधिको परीक्षण (अनुसन्धान) मा प्रयोग वा संलग्न नगराईने सुनिश्चित गर्नु पर्दछ ।

मापदण्ड : ३७ बालबालिकाले नियमित शारीरिक व्यायाम तथा मनोरञ्जन र सिर्जनात्मक अभ्यास गर्न पाउनु पर्दछ।

मापदण्ड : ३८ बालबालिकालाई बालगृह भित्र र बालगृह बाहिर आयोजना भएको वा हुने खेलकूद, साहित्यिक,सांगितिक लगायतका सिर्जनात्मक कियाकलापमा भाग लिन प्रोत्साहित गर्नु पर्दछ ।

मापदण्ड : ३९ मनोरञ्जन, खेलकूद वा अन्य कार्यक्रममा सहभागी हुँदा बालबालिकालाई दुर्घटना वा अन्य खतराबाट जोगाउन सधै ध्यान दिनु पर्दछ ।

मापदण्ड : ४० बालबालिकालाई सिनेमा वा भिडियो र टेलिभिजन हेर्न, कम्प्यूटर खेल खेल्न र इन्टरनेट प्रयोग गर्न दिदा उमेर र वैयक्तिक अवस्था अनुसार उचित संरक्षणको व्यवस्था मिलाउनु पर्दछ ।



वर्ष २, अतिरिक्ताङ्क ६, ल.पु.म.न.पा., स्थानीय राजपत्र, भाग-२, मिति २०७६/५/१०

- १० वर्ष सम्मको बालकको संख्या : .... जना जाने .... जना नजाने
- १० वर्ष भन्दा माथिको बालकको संख्या : .... जना जाने .... जना नजाने

ई) बालबालिकाको कक्षागत विवरण:

| कक्षा | जम्मा | | | कैफियत |
|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | |
| नर्सरी देखि ५ कक्षा | | | | |
| ६ देखि ८ कक्षा | | | | |
| ९ देखि माथि | | | | |
| विद्यालय नजाने | | | | |
| जम्मा | | | | |

## ग. बालबालिकाको संख्यात्मक विवरण

| उमेर समूह | जम्मा | | | अपांगता भएका | | |
|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| ५ वर्ष सम्म | | | | | | |
| ५ देखि १० वर्ष सम्म | | | | | | |
| १० वर्षभन्दा माथिको | | | | | | |
| जम्मा | | | | | | |

अ) ५ वर्ष सम्मको बालकको संख्या : .. जना

आ) १० वर्ष सम्मको बालकको संख्या : ... जना

इ) १० वर्ष भन्दा माथिको बालकको संख्या : ... जना

ई) जम्मा बालकको संख्या .... जना

बालगृहहरु संचालन पूर्व नगरपालिकाबाट स्वीकृति लिनु पर्दछ र सो को जानकारी सम्बन्धित वडा कार्यालयमा दिनु पर्दछ ।

(२) उपनियम (१) बमोजिम स्वीकृति नलिई संचालनमा रहेका बालगृहहरुलाई नगरपालिकाले जुनसुकै बखत हटाउन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम स्वीकृति नलिई संचालनमा रहेका बालगृहहरुले यो कार्यविधि लागु भएको मितिले ३५ दिन भित्र लिई सक्नु पर्नेछ । अन्यथा उपनियम (२) बमोजिम हटाउन बाधा पर्ने छैन ।

(४) कुनै बालगृह संचालकले कुनै कारणले संस्थाको हक हस्तान्तरण/बिक्री वितरण गर्नु परेमा औचित्य सहित सम्बन्धित नगरपालिकाको स्वीकृति लिएर मात्र गर्न सकिनेछ ।

(५) बैदेशिक श्रोतबाट बालगृह संचालन हुने भएमा संचालन गरिने त्यस्ता संस्थाले नगरपालिकाको सिफारिसमा नेपाल सरकारले तोकेको निकायबाट स्वीकृत लिई सो को जानकारी नगरपालिकालाई गराएर मात्र संचालन गर्नु पर्नेछ ।

**८) बालगृह संचालन सम्बन्धी मापदण्ड**

नगरभित्र संचालित सरकारी, निजी तथा सामाजिक संस्थाबाट संचालन गरिने सबै प्रकारका बालगृहले न्यूनतम रुपमा नेपाल सरकारबाट स्वीकृत एकीकृत आवासीय बालगृहको संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड बमोजिम तयार गरिएको अनुसूचि १ मा उल्लेखित मापदण्ड बमोजिम बालगृह संचालन गर्नु पर्दछ ।





व्यक्तिगत विवरणमा निम्न अनुसारका कागजपत्रहरु संलग्न हुनु पर्दछ :

क) बालबालिकाको पुर्ख्यौली परिचय कायम हुने, हक स्थापित हुने तथा अन्य व्यक्तिगत विवरण खुल्ने कागजपत्र।

ख) बालगृहमा भर्ना गर्न ल्याइएका वा सिफारिस भै आएका वा पठाइएका बालबालिकाले आफ्नो बारेमा दिएको जानकारी ।

ग) भर्ना गर्ने समयमा खिचिएको बालबालिकाको तस्विर ।

घ) बालबालिकाको स्वास्थ्य र पोषणको स्थिति, उचाई तथा तौल सहितको विवरण ।

ङ) बालबालिकाको साथमा रहेको कुनै गहना वा अन्य परिचय खुल्ने वस्तु वा मूल्यवान वा अन्य कुनै वस्तुको विवरण ।

च) भर्ना गर्न पठाउने वा ल्याउने व्यक्ति वा संस्थाको अनुरोध, सिफारिस पत्र वा सर्जमिनको कागज ।

छ) बालबालिकाको शैक्षिक, स्वास्थ्य तथा अन्य कुनै विवरण भएका कागजपत्र भए सो समेत ।

**९) बालगृहको व्यवस्थापन, संचालन र पुरा गर्नु पर्ने अनिवार्य दायित्व तथा कार्यहरु :**

(क) बालगृहमा पर्याप्त सुरक्षा व्यवस्था सहित खाने, बस्ने, सुत्ने र अध्ययनको लागि आवश्यक कोठाका साथै बालक र बालिकाको अलग अलग शौचालय र स्नान घर हुनु पर्नेछ ।

**५) बालगृह अनुगमन तथा नियमन समिति :**

महानगरपालिका भित्र संचालित बालगृहहरुको अनुगमन र नियमनलाई प्रभावकारी बनाउन निम्न बमोजिमको एक अनुगमन नियमन समिति रहने छ।

(क) संयोजक - उप-प्रमुख, ललितपुर महानगरपालिका

(ख) सदस्य - सामाजिक विकास समिति संयोजक, ललितपुर महानगरपालिका

(ग) सदस्य - प्रमुख प्रशासकीय अधिकृत, ललितपुर महानगरपालिका

(घ) सदस्य - सम्वन्धित वडाका वडा अध्यक्ष पदेन सदस्य

(ङ) सदस्य - अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, ललितपुर

(च) सदस्य - बालकल्याण अधिकारी, ललितपुर महानगरपालिकाले तोकेको -१ जना

(छ) सदस्य - महिला विकास अधिकृत, ललितपुर महानगरपालिका -१ जना

(ज) सदस्य - प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय, ललितपुर (सम्भव भएमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र)

(झ) सदस्य - बालगृह (नगर भित्र संचालित) संचालकहरुको तर्फबाट समितिले तोकेको १ जना महिला सहित २ जना

(ञ) सदस्य सचिव - प्रमुख, समाज कल्याण महाशाखा , ललितपुर महानगरपालिका





(झ) बालबालिकाको आवश्यक सुरक्षाको लागि बालगृहको कम्पाउण्ड वाल तथा भवनको पूर्ण रुपमा सुरक्षाको व्यवस्था मिलाउने ।

(ञ) ऐनमा उल्लेख गरिएका अवस्थाका बालबालिकालाई आश्रय दिने, खानपिन, पालन पोषण गर्ने, स्वास्थ्य उपचार गर्ने उचित शिक्षा तथा व्यवसायिक तालिम प्रदान गर्ने ।

(ट) बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासका लागि नियमित खेलकूद तथा मनोरन्जनको सुविधाहरु उपलब्ध गराउने ।

(ठ) आश्रित बालबालिकाको सर्वोत्तम हितको लागि विभिन्न सिर्जनात्मक साहित्यिक र सांस्कृतिक बाल कार्यक्रममा सहभागी हुने अवसरको सिर्जना गरी अतिरिक्त कियाकलापको व्यवस्थापन गर्ने ।

(ड) ऐनमा भएको प्रावधान बमोजिमका बालअधिकारहरु प्रवर्धन हुने व्यवस्था मिलाउने ।

(ढ) बाल गृहमा बाल क्लवको स्थापना गरी बाल सहभागीतालाई प्रवधन गर्ने ।

(ण) बाल गृहका पदाधिकारी, कर्मचारीहरुलाई बाल अधिकार र बाल संरक्षण बारे तालिम तथा अभिमुखीकरणको व्यवस्था गर्ने ।

(त) बालबालिकाको तोकिएको वैयक्तिक विवरण फाराम अनिवार्य पूर्ण रुपमा भरी प्रशासक वा सञ्चालकबाट प्रमाणित गरी सुरक्षित राख्ने ।

(ञ) "मापदण्ड" भन्नाले नेपाल सरकारले स्वीकृत गरेको एकीकृत आवासीय बालगृहको संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड सम्झनु पर्छ ।

(ट) "महानगरपालिका" भन्नाले ललितपुर महानगरपालिकालाई सम्झनु पर्छ ।

(ठ) "व्यवस्थापन समिति" भन्नाले बालगृह संचालन गर्न सम्बन्धित निकायले तोकेको संचालक समितिलाई सम्झनु पर्छ र सो शव्दले संस्थाको संचालक समेतलाई जनाउँछ ।

(ड) "सामाजिक संस्था" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएको गैर नाफामुलक संस्थालाई सम्झनु पर्छ र सो शव्दले यस्तै प्रकृतिका अन्य गैरसरकारी संस्था समेतलाई जनाउँछ ।

(ढ) "निजी संस्था" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएको नाफामुलक संस्थालाई सम्झनु पर्छ र सो शव्दले यस्तै प्रकृतिका अन्य कम्पनी समेतलाई जनाउँछ ।

(ण) "समिति" भन्नाले यस कार्यविधि नियम ४ बमोजिम गठित समितिलाई जनाउँछ ।

(त) "आश्रित बालबालिका" भन्नाले बालगृहमा लामो समयदेखि बसेका बालबालिका र उद्धारको कममा बालगृहमा रहेका बालबालिकालाई जनाउँछ ।

(थ) "सभा" भन्नाले ललितपुर महानगरपालिकाको नगर सभालाई जनाउँछ ।

(द) "नगरपालिका" भन्नाले ललितपुर महानगरपालिकाको नगर कार्यपालिकालाई जनाउँछ ।





पालना गर्नु तथा सो को कार्यान्वयन गर्नु सम्बन्धित बालगृह प्रशासक, संचालक तथा व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**१२) सचेत गराउन सक्ने**

(१) अनुगमनका कममा दिएको सुझाव कार्यान्वयनको अवस्था, अनुगमन , प्रतिवेदन एवं सरोकारवालाहरुबाट प्राप्त गुनासो/उजुरीका आधारमा तोकिएको मापदण्ड पुरा नगर्ने बालगृहलाई समितिले सचेत गरी समयावधि तोकेर सुधारको मौका दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तोकिएको समय भित्र सुधार गरी सोको जानकारी समिति र न.पा.लाई दिनु पर्नेछ

**१३) कारवाही गर्न सकिने**

(१) बालगृहहरुलाई नियम (१२) बमोजिम सचेत गराउँदा समेत अटेर गरेमा, तोकिएको मापदण्ड पुरा नगरेमा, बाल अधिकार हन्न हुने कार्य गरेमा, दाताबाट प्राप्त रकम दुरुपयोग गरेको पाईएमा बालश्रम, यौनजन्य हिंसा, दुर्वसनी लगायतका कार्य गरेको पाईएमा समितिले प्रचलित कानुन बमोजिम कारवाही गर्न सम्बन्धित निकायलाई सिफारिस गर्नुका साथै नगर क्षेत्रभित्रबाट बालगृह खारेजी/हटाउन समय तोकेर निर्देशन दिन सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम बालगृह खारेजी भएमा त्यहाँ आश्रित बालबालिकालाई स्थानीय प्रशासनको सहायतामा उपयुक्त व्यवस्थापन गर्ने कर्तव्य नगरपालिकाको हुनेछ ।

व्यवस्था सुनिश्चित गर्नु पर्दछ । बालबालिका बालगृहमा रहेको अवस्थामा बाल अधिकारको उपयोग, दुर्व्यवहारबाट रक्षा तथा वैयक्तिक विकासका अवसर सुनिश्चित गर्ने बालगृहहरुको अनुगमनलाई संस्थागत गर्ने हेतुले स्थानीय सरकार संचालन ऐनको दफा १४ मा उल्लेखित व्यवस्थाका आधारमा सोही ऐनको दफा ११ उपदफा २ खण्ड त (५) अनुसारको कार्यहरु गर्ने गरी ललितपुर महानगर भित्र रहेका आवासीय बालगृहको अनुगमन तथा नियमनका लागि गठन गरी नगर कार्यपालिकाबाट पारित गरी "ललितपुर महानगरपालिका भित्रका आवाशीय बालगृहहरुको अनुगमन तथा नियमन कार्यविधि २०७६" जारी गरिएको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भ :**

१) यो कार्यविधिको नाम "आवाशीय बालगृहहरुको अनुगमन तथा नियमन कार्यविधि, २०७६ " रहेको छ ।

२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भए पछि लागु हुनेछ ।

**३. परिभाषा :**

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "अनाथ" बालबालिका भन्नाले प्रचलित कानुन बमोजिम जिल्ला प्रशासन कार्यालयबाट अनाथ प्रमाणित भई आएका देहाय बमोजिमका बालबालिकालाई सम्झनु पर्छ ।

(१) वेवारिसे अवस्थामा प्रहरीले फेला पारेको र निजको बाबु वा आमा फेला नपरेको ।

(२) अस्पताल वा स्वास्थ्य संस्थामा वेवारिसे अवस्थामा छाडिएको ।





## अनुसूची - १

**आवासीय बालगृहको संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड**

मापदण्ड : १ आवासीय बालगृह बालबालिकाको हेरचाहको अन्तिम उपाय भएको सुनिश्चित गरिनुपर्दछ ।

मापदण्ड : २ बालगृहमा भर्ना गरिने बालबालिकाको पूर्ण परिचय खुल्ने व्यक्तिगत विवरण तयार गर्नुपर्दछ ।

मापदण्ड : ३ दुर्व्यवहार, हिंसा, शोषण वा भेदभावबाट पिडित वा दुर्घटनामा परेको बालक वा बालिका बालगृहमा भर्ना हुन आएमा तत्काल आवश्यक स्वास्थोपचार, मनोसामाजिक हेरचाह र कानुनी कारवाहीको प्रकृया गर्नु पर्दछ ।

मापदण्ड : ४ बालबालिकालाई बालगृहमा भर्ना गर्ने बित्तिकै आवास, पोसाक र भोजनको व्यवस्था गर्नु पर्दछ ।

मापदण्ड : ५ बालगृहले बालबालिकाको भर्ना, सेवा र सुविधा, दायित्व, गोपनियता, अनुशासन, बिदाई/पुनर्मिलन योजना जस्ता विषय उल्लेख भएको व्यक्तिगत विवरण फाराम र बालगृहको आन्तरिक निर्देशिका बनाई कार्यान्वयन गर्नु पर्दछ ।

मापदण्ड : ६ बालबालिकाका परिवारका सदस्य वा अन्य नातेदार पत्ता लागेमा उनीहरुलाई बालबालिकाका बारेमा सूचना दिनु पर्दछ ।

मापदण्ड : ७ बालगृहमा भर्ना गरिएका बालबालिकाको हक लाग्ने पुर्ख्यौली वा अन्य सम्पत्तिको खोजी र संरक्षण गर्ने व्यवस्था गर्नु पर्दछ ।

मापदण्ड : ८ बालगृह रहेको भवन बालबालिकाका लागि सुरक्षित, सुविधाजनक र पहुँचयुक्त हुनुपर्दछ ।

मापदण्ड : ९ बालबालिकालाई उमेर र अवस्था अनुसार सुरक्षित, सहज र सुविधाजनक सुत्ने व्यवस्था मिलाउनु पर्दछ ।